मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
स्थापित २०७३

मधुवन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दिया

५ नं. प्रदेश, नेपाल

फोन:-०८४-४४०१११

पत्र संख्या-०७६/०७७
च.नं. २८४

मिति- २०७६/०५/११

विषय : एकिकृत राजश्व संकलन सम्बन्धमा ।

---

श्री नगर पालिका राजश्व शाखा
श्री वडा कार्यालय राजश्व शाखा सबै ।

प्रस्तुत विषयमा यस कार्यालयको राजश्व संकलन सम्बन्धमा उपयुक्त राजश्व शिर्षकबाट मात्र राजश्व संकलन गरी एकिकृत राजश्व अनुमान तथा पुर्ण तथ्याङ्क संकलन कार्यमा सहयोगका लागी तपशिल बमोजिमका राजश्व शिर्षकका आधारमा मात्र राजश्व संकलन तथा बैंक दाखिला गर्न गराउनुहुन अनुरोध छ ।
राजश्वका शिर्षक तथा संकेत नं. यसै पत्र साथ संलग्न गरीएको छ ।

..............................
आर्थिक प्रशासन प्रमुख
लेखा अधिकृत

..............................
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
स्थापित २०७३

| क.स | राजश्व आधार शिर्षक,मुल शिर्षक | साजश्व संकेत | व्याख्या |
|---|---|---|---|
| १ | एकिकृत सम्पती कर | ११३१३ | कुनै व्यक्ति वा संस्थाले एकिकृत रुपमा मुल्याङ्कन गरीएको सम्पति( जग्गा,घर तथा अन्य) मा लाग्ने कर यसमा पर्दछ । |
| २ | भमिकर / मालपोत | ११३१४ | भुमिको स्वामित्व वापत निर्यामित रुपमा तिर्नुपर्ने कर यसमा पर्दछ । |
| ३ | बाडफाड भइ प्राप्त हुने मुल्य मुल्य अभिबृद्धि कर | ११४११ | राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोगबाट बाडफाड भइ प्राप्त भएको मुल्य अभिबृद्धि करको रकम यसमा पर्दछ । |
| ४ | घरबहाल कर | ११३२१ | स्थानिय तहको क्षेत्र भित्र रहेका स्थयी संरचनाहरु(घर,गोदाम,कम्प्लेक्स) भाडामा लगाउदा प्राप्त आयमा लाग्ने कर यसमा पर्दछ । |
| ५ | बहाल विरौटी कर | ११३२२ | स्थानिय तहको क्षेत्र भित्रका घर,पर्सल,ग्यारेज,गोदाम,टहरा,कारखाना,जगा वा पोखरीको बहालमा लगाउदा संकलन गरीने बहाल करको रकम तथा स्थानिय तहले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार,सार्वजनिक स्थल,ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका अस्थायी पसलहरुबाट संकलन गरीने विटौरी कर रकम यसमा पर्दछ । |
| ६ | शिक्षा क्षेत्रको आम्दानी | ११४४३ | निजि शैक्षिक संस्थाहरुले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरुमा लागने शिक्षा सेवाशुल्क यसमा पर्दछ । |
| ७ | सवारी साधन कर | ११४५१ | टागा,रिक्सा अटो रिक्सा र इ रिक्सा जस्ता सवारी साधमा लाग्ने कर यसमा पर्दछ । |
| ८ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ११४५२ | लोकमार्ग तथा शहरी सडक एव तोकिएका अन्य पूर्वाधार सेवाको उपयोग गरे वापत तोकिए बमोजिम लाग्ने कर यसमा पर्दछ । यसमा पूर्वाधार मर्मत तथा सम्भार प्रयोजनका लागी उठाइने शुल्क समेत समावेश हुन्छ । |
| ९ | बाडफाडवाट प्राप्त हुने सवारी साधन कर | ११४५६ | प्रदेश सरकार र स्थानिय तह विच बाडफाड भइ सम्बन्धित संचित कोषमा दाखिला हुने सवारीसाधन करको रकम यसमा पर्दछ । |
| १० | मनोरन्जन तथा विज्ञापन कर | ११४७० | मनोरन्जन सँग सम्बन्धित व्यवसायमा लाग्ने कर यसमा पर्दछ । यो शिर्षकमा रकम जम्मा गर्न मिल्दैन |
| ११ | व्यवसायले भुक्तानी गर्ने | ११६११ | माथि उल्लेखित करका आधारहरु बाहेक अन्य आधारहरुमा व्यवसायमा लगाइने कर राजश्व यसमा पर्दछ । |
| १२ | सम्पतिबाट प्राप्त आय | १४१०० | सरकारी स्वामित्वमा रहेका सम्पतिबाट सृजित आय यसमा पर्दछ । यो मुल शीर्षकमा रकम जम्मा गर्न मिल्दैन । |
| १३ | वाडफाडबाट प्राप्त हुने मनोरन्जन कर | १४४७१ | प्रदेश र स्थानिय तह विच बाडफाड भइ सम्बन्धित संचित कोषमादाखिला हुने मनोरन्जन करको रकम यसमा समावेश गरीन्छ । |
| १४ | बाडफाडबाट प्राप्त हुने विज्ञापन कर | १४४७२ | प्रदेश र स्थानिय तह विच बाडफाड भइ सम्बन्धित संचित कोषमा दाखिला हुने विज्ञापन करको रकम यसमा समावेश गरीन्छ । |
| १५ | व्यवसाय रजिष्टेसन दस्तुर | ११६१३ | |
| १६ | अन्य कर | ११६९१ | माथी अरु शिर्षकमा नपरेका करहरु यसमा समावेश हुन्छन । |
| १७ | व्यापारीक निकायवाट प्राप्त व्याज | १४११२ | व्यापारिक प्रतिष्ठानमा गरीएको रीन लागनीबाट प्राप्त व्याज रकम यसमा पर्दछ । |

प्रमुख प्रशासकीय अधिकृत

मधुवन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिया
स्थापित २०७३

| | | | |
|---|---|---|---|
| १८ | सेवा मुलक निकायबाट प्राप्त लाभाशं | १४१२४ | सेवा मुलक प्रतिष्ठानबाट लाभार्श रकम यसमा पर्दछ । |
| १९ | सरकबारी सम्पत्तीको बहालबाट प्राप्त आय | १४१५१ | सरकारी सम्पति बहालमा दिए वापत प्राप्त आय यसमा पर्दछ । जस्तै : सरकारी जग्गा,भवन तथा अन्य सम्पति बहाल, कोठा तथा भोजनालय बहाल,मेच,पाल,त्रिपाल,हवाइजहाज,वग्गी,वैण्डबाजा,इन्जिन,रोलर,टयाक्टर समेतका सरकारी सम्पति प्रयोग गरे वापत प्राप्त हुने भाडा तथा सेवा शुल्क यसमा पर्दछ । |
| २० | बाडफाड भइ प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १४१५७ | बाडफाड भइ प्राप्त दहत्तर बहत्तर शुल्क यसमा पर्दछ । |
| २१ | सरकारी सम्पतीको विक्रिबाट प्राप्त रकम | १४२१२ | टुटेफुटेका मेसिनरी समान विक्री,सवारी साधन लिलाम विक्रि,पुराना मालसामान विक्रि तथा अन्य सरकारी सम्पतिको विक्रिबाट प्राप्त रकम यसमा पर्दछ । |
| २२ | अन्य विक्रिबाट प्राप्त रकम | १४२१३ | सरकारको छापाखानाको छपाइ दस्तुर नेपाल राजपत्र एव सरकारद्धारा प्रकाशित पुस्तक पुस्तिकाको विक्रि तथा लिलामबाट प्राप्त रकम अभिलेख विक्रिका साथै मुद्रा तथा नापतौलको सामान ढक,तराजु समेतको प्रमाणित दस्तुर नविकरणदस्तुर र टक्सारको अन्य आय,,नक्सा प्रिन्ट विक्रि,औषधि विक्रि तथा अन्य मालसामान विक्रिबाट प्राप्त रकम समेत यसैमा पर्दछ । |
| २३ | | | |
| २४ | परीक्षा शुल्क | १४२२४ | लोकसेवा आयोग लगायत विभिन्न सरकारी निकायले लिने परीक्षा दस्तुर अर्न्तवार्ता दस्तुर,दरखास्त दस्तुर र पाठयक्रम विक्रीबाट पाप्त रकम यसमा पर्दछ । |
| २५ | नक्सापास दस्तुर | १४२४२ | स्थानिय तहद्धारा नक्सापास वापत उठाइएको दस्तुर यसमा पर्दछ । |
| २६ | सिफारीस दस्तुर | १४२४३ | स्थानिय तहद्धारा सिफारीस गरे वापत उठाइएको दस्तुर यसमा पर्दछ । |
| २७ | व्यक्तिगत घटनादर्ता दस्तुर | १४२४४ | स्थानिय तहद्धारा व्यक्तिगत घटनादर्ता गरे वापत उठाइएको दस्तुर यसमा पर्दछ । |
| २८ | नाता प्रमाणित दस्तुर | १४२४५ | स्थानिय तहद्धारा नाता प्रमाणित गरे वापत उठाइएको दस्तुर यसमा पर्दछ । |
| २९ | अन्य दस्तुर | १४२४९ | माथि उल्लेखित बाहेकका अन्य दस्तुर यसमा पर्दछ । |
| ३० | न्यायिक दण्ड जरीवाना र जफत | १४३११ | अदालतको निर्णयबाट लिइएका दण्ड,जरीवाना र जफत वापतको रकम यसमा पर्दछ । |
| ३१ | प्रशासनिक दण्ड,जरीमाना र जफत | १४३१२ | सबै प्रकारको ठेक्का धरौटी जफत निर्माण र अन्य कामको ठेक्का पटटामा ठेकेदारहरुलाइ गरीएको दण्ड,जरीवाना,ठेकेदारहरु सँगको बाकी रहेको रकमको व्याज र सम्बन्धित शिर्षकमा लेखिए बाहेक अन्य प्रशासनिक दण्ड जरीवाना र जफतबाात प्राप्त रकम यसमा पर्दछ । |
| ३२ | धरौटी सदरस्याहा | १४३१३ | विभिन्न निकायमा धरौटी वापत जम्मा भएको रकम धरौटीको प्रयोजन समाप्त भएपछि कानुनले तोकेको अवधिमा फिर्ता नलिएमा कानुन बमोजिम सदरस्याहा भएको रकम यसमा जम्मा गर्नु पर्दछ। तर कारवाही स्वरुप जफत वा सदरस्याहा गरीएको रकम वा राजश्व असुलि वापत सदरस्याहा गरीएको रकम सम्बन्धित शिर्षकमै जम्मा गर्नुपर्दछ । |
| ३३ | अन्य राजश्व | १४५२९ | माथिका सम्मपूर्ण शिर्षक तथा उपशिर्षकहरुमा नपरेका अन्य रकमहरु यसमा पर्दछ । |
| ३४ | बेरुजु | १५१११ | लेखा परिक्षणबाट कायम भएको बेरुजु(राजश्व बाहेकाको) रकम असुल हुदा प्राप्त रकम यसमा पर्दछ । तर राजश्व वापतको बेरुजु सम्बन्धित राजश्व शिर्षकमा नै जम्मा गर्नुपर्दछ । |

प्रमुख प्रशासकीय अधिकृत